बैठक नं.: ५४

आज मिति २०७५ साल कार्तिक २६ गते का दिन यस राप्ती सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारू | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | श्री टोपेन्द्र बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत (उप सचिब) | |

लाहुराम थारु
अध्यक्ष

टोपेन्द्र बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव

टोपेन्द्रबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव

लाहुराम थारु
अध्यक्ष

**निणर्य नं. १**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.१ अनुसार गाउँपालिका बाट संचालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्नानुसारको गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. धनी कुमारी खत्री, उपाध्यक्ष | - संयोजक |
| २. टोपेन्द्र बहादुर के.सी., प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. मिना विष्ट, कार्यपालिका सदस्य | - सदस्य |
| ४. देवराज कुमाल, कार्यपालिका सदस्य | - सदस्य |
| ५. सम्वन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| ६. प्राविधिक शाखा प्रमुख (इन्जिनियर) | - सदस्य सचिव |

**निर्णय नं. २**

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को दफा ६.२.३ अनुसार आफ्नो वडा भित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लीग निम्नानुसारको वडा स्तरीय अनुगमान समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. सम्वन्धित वडाको वडा अध्यक्ष | - संयोजक |
| २. वडा सदस्यहरू | - सदस्य |
| ३. वडा सचिव | - सदस्य सचिव |

**निर्णय नं. ३**

यस राप्ती सोनारी गाउँपालिकाको राजपत्र प्रकाशन सम्वन्धी कार्यबिधि, २०७५ स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

यस गाउँपालिकाको कृषि/पशु कार्यक्रम निति, निर्माण र ब्यवस्थापनका लागी निम्नानुसारको समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. खुम बहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. ८ | - संयोजक |
| २. मदन कुमार वली, वडा अध्यक्ष वडा नं. २ | - सदस्य |
| ३. नैना खत्री, गाउँकार्यपालिका सदस्य | - सदस्य |
| ४. दमकला जैसी, गाउँकार्यपालिका सदस्य | - सदस्य |
| ५. कृषि/पशु बिकाश शाखा प्रमुख | - सदस्य सचिव |

लाहुराम थारु
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

**निर्णय नं. ५**

यस गाउँपालिका अन्तरगत वडा नं. २ टिकुलीपुर स्थित सिद्ध साई कुमारी मन्दिर मर्मत तथा मेला ब्यवस्थापनका लागि संस्कृति प्रवर्द्धन कार्यत्रक्रम मध्येबाट रू १,००,०००।- (एक लाख) उपलब्ध गराउने ।

**निर्णय नं. ६**

यस गाउँपालिका अन्तरगत बिभिन्न ९ (नौ) वटा बिद्यालयहरूमा शैक्षिक सुधार कार्यक्रम अन्तरगत सफ्टवयर जडान गर्न श्री इम्पेटस टेक्नोलोजी नेपाल प्रा.लि. को प्रस्ताव स्वीकृत गर्ने र उक्त प्रा.लि. सँग सम्झौता गरि कार्यादेश दिने ।

**निर्णय नं. ७**

यस गाउँपालिका भित्रका अग्रेजी, गणित र विज्ञान बिषयमा न्यून सिकाई उपलब्धी भएका सम्पुर्ण बिद्यालयका कक्षा ४ देखि ७ सम्मका बालबालिकाहरू लाई कक्षकोठामा आधारित उपचार सहयोग (Remedial Support) कार्यक्रम सञ्चालन गरी सिकाई उपलब्धी प्रवर्द्धनका लागि विश्व शिक्षा, KU र वेस नेपालले कार्यक्रम सञ्चालन गर्ने प्रस्तावना पेश गरेको रू ४२,१९,९४५।- (बयालीस लाख उन्नाईस हजार नौ सय पैतालीस) मध्ये रू ११,८१,६७५।- ( एघार लाख एकासी हजार छ सय पचहत्तर) समपुरक कोषबाट खर्च हुनेगरी गाउँपालिकाले ब्यहोर्ने र बाँकी रकम उक्त संस्थाहरूबाट ब्यहोर्ने गरी उक्त कार्यक्रम संञ्चालन गर्ने ।

**निर्णय नं. ८**

यस गाउँपालिका अन्तर्गत वडा नं. ४ स्थित बैजापुर स्वास्थ्य चौकीबाट वडा नं. ३ र ४ का जनतालाई मात्र स्वास्थ्य सेवा उपलब्ध गराउदै आएकोमा हाल उक्त ठाउँमा स्वास्थ्य केन्द्र स्थापना (स्तर बृद्धि) गर्न केही भौतिक संरचना समेत भएकोले र छिमेकी वडा नं. २ र ५ का जनतालाई समेत थप सेवा सुबिधा पुऱ्याउनका लागि उक्त स्वास्थ चौकीलाई स्तर बृद्धि गरी आवश्यक भौतिक संरचना तथा एम.बि.बि.एस. डाक्टर सहितको जनशक्ति उपलब्ध गराउन सम्बन्धित निकायममा माग गरी पठाउने ।

**निर्णय नं. ८**

यस गाउँपालिका अन्तरगतका निम्न नदी/खोलाहरूबाट ढुगा, गिट्टी, बालुवा लगायतका नदी जन्य पदार्थ उत्खनन तथा संकलन गर्नुपर्ने भएकोले उक्त स्थानहरूको IEE गर्नको लागि कार्यसुची (TOR) तयार गरी स्वीकृतिको लागि जिल्ला समन्वय समितिमा बाँकेमा पठाउने ।

क) खैरी खोला - राप्ती सोनारी गाउँपालिका वडा नं. २, बाँके ।
ख) परूवा खोला - राप्ती सोनारी गाउँपालिका वडा नं. ८, बाँके ।
ग) झिझरी खोला - राप्ती सोनारी गाउँपालिका वडा नं. ८ र ९, बाँके ।

प्रमुख प्रशासकीय अधिकृत
रा.प.द्वितीय

लाहुराम थारु
अध्यक्ष